CLADDING SAFETY Victoria

## हरेक व्यक्तिले आगलागी हुनबाट जोगाउन आफ्नो भूमिका निभाउनु पर्छ

तपाईंको भवनको बाहिरी भागमा दहनशील वा डढ्ने खालका पाताहरू (क्लाडिंग) हुँदैमा तपाईंको भवन असुरक्षित हुँदैन। तर यदि आगलागी भयो भने यी दहनशील वा डढ्ने खालका पाताहरू (क्लाडिंग) ले आगो फैलाउन सक्छ।

आगलागीको जोखिमलाई कम गर्न र तपाईं, तपाईंका छिमेकीहरू र तपाईंको परिवारलाई सुरक्षित राख्न तपाईंले केहि सरल कदमहरू लिन सक्नु हुन्छ। **आपतकालिन अवस्थामा 000 (तीन शून्य) मा फोन गर्नुहोस्।**



बरन्डामा / बार्दलीमा धुम्रपान नगर्नुहोस्



बरन्डामा / बार्दलीमा बार्बिक्यू प्रयोग नगर्नुहोस्



बरन्डामा / बार्दलीमा ग्यासको सिलिण्डरहरू नराख्नुहोस्



धुवाँ सचेतक (स्मोक अलार्म) लाई नछोप्नुहोस् वा नछुटाउनुहोस् र हरेक महिना परिक्षण गर्नुहोस् प्रत्येक वर्ष स्मोक अलार्मको नौ-भोल्टको ब्याट्री बदल्नुहोस् १० बर्ष टिक्ने लिथियम ब्याट्री भएको धुवाँ सचेतक (स्मोक अलार्म) लगाउने विचार गर्नुहोस्



बरन्डा/बार्दली, घर भित्र हिड्ने गल्ली 'हलवे' र बाहिर निस्कने बाटोहरूमा फोहोरहरू जम्मा नगरी खुला राख्नुहोस् निकासी वा भाग्ने योजना (evacuation plan) भएको सुनिश्चित गर्नुहोस्



लुगाफाटा वा कपडाहरू एयर कन्डिसन यन्त्रबाट कम्तीमा एक मिटर टाढा राख्नुहोस्

VICTORIA

https://www.vic.gov.au/cladding-safety